# १४. श्री अम्बिकाप्रसाद अधिकारी

*[संवत् २०४४ सालको 'मदन पुरस्कार' 'उत्सर्ग प्रेम' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री राजेश्वर देवकोटालाई समर्पण गर्न संवत् २०४५ आश्विन २८ गते रोज ६ का दिन आयोजित समारोहमा तत्कालीन बडागुरुज्यू श्री अम्बिकाप्रसाद अधिकारीले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ११६ बाट उद्धृत गरिएको हो।]*

सम्माननीय प्रधानमन्त्रीज्यू, गुठीका अध्यक्ष एवं सदस्यहरू, महिला तथा सज्जनवृन्द !

आजको यो समागम आफैमा यशस्वी छ, ओजस्वी छ, वर्चस्वी छ। यहाँ उपस्थित भएर आफूलाई वाणीद्वारा केही अंश अभिव्यक्त गर्न पाएकोमा मैले आफ्नो पनि व्यक्तित्व धन्य बनेको मानेको छु; प्रथमतः सबैमा यथायोग्य सत्कार र सद्भाव चढाउँछु; प्रख्यात मनीषी माननीय श्री राजेश्वर देवकोटाज्यूलाई यशोवर्द्धक 'मदन पुरस्कार'बाट सम्मानित हुनुभएकोमा सभ्यगणको र आफ्नो तर्फबाट साधुवादसहित अभिनन्दन टक्र्याउँछु।

स्वनामधन्य सम्माननीय रानीसाहेब श्री जगदम्बाकुमारीले आर्य नारीहृदयको आत्मोत्सर्गमय सनातन पतिप्रेमलाई अभिव्यक्त गर्न एक माध्यमको रूपमा संस्थापित 'मदन पुरस्कार'बाट यो पटक 'उत्सर्ग प्रेम' नै सम्मानित हुन आइपुग्यो, रानीसाहेबको भौतिक देहको उत्सर्ग भएकै वर्ष। यो निश्चय नै संयोग हो, तर नरनिर्मित हैन, नियतिनिर्णित हो। श्री जगदम्बाकुमारीको आत्माले सबै उपाधिबाट मुक्त बनेर परम शान्ति प्राप्त गरोस् भन्ने भगवान्सँग प्रार्थना गर्छु।

देवकोटाज्यू आफूले रचित साहित्यिक कृतिको उत्कृष्टताको फलस्वरूप पुरस्करणयोग्य ठहरिनुभएको हुँदा साहित्यको र उहाँको कृतिको बारेमा केही निवेदन गर्छु।

'साहित्य' शब्दको अर्थ हो सहभाव, संश्लेषण, समन्वय, योग र अनि निष्कर्षमा सम्यक् हित सर्वोपरि कल्याण।

यो सहभाव, यो संश्लेषण, यो समन्वय, यो योग केकेको, क-कसको र क-कस्तो ? यी प्रश्नका उत्तरमा अघिदेखिका साहित्यसम्बन्धी अनेक कुराहरू एकेक गर्दै ओइरिएर अगाडि आउँछन् । साहित्यको बिन्द्रालो ज्यादै ठूलो छ । सधैं सबैको उत्तिकै उपादेयता पनि हुँदैन, कुनैको सधैं उस्तै त्याज्यता पनि हुँदैन । रूपप्ररूप आदि साहित्यका आकरण र उपकरण हुन्; नियम-उपनियम, लक्षण-उपलक्षण आदि अघिल्ला कृतिहरूका परिचायक हुन्; यिनको आधारमा अभ्यास गरे हुन्छ । यिनको यही सीमामा सार्थकता छ । यिनलाई वढी महत्त्व दिने वा नदिने कुरामा शक्तिको र समयको खर्च गर्न छोडेर साहित्यको कृतार्थता र कृतकृत्यता केमा छ, खोज्नुपर्छ, बुझ्नुपर्छ ।

साहित्यको लक्ष्य सहभाव हो, साहित्यको उद्देश्य संश्लेषण हो, साहित्यको साध्य समन्वय हो, साहित्यको लभ्य योग हो, साहित्यको अधिगम्य सम्यक् हित हो, सर्वोपरि कल्याण हो ।

साहित्य शब्द नै विचित्रको छ, विलक्षणको छ । यो शब्दले व्युत्पत्तिबाटै साहित्यका उपदानको र उपादेयको, लक्षणको र लक्ष्यको, उद्देशकको र उद्देश्यको, साधनको र साध्यको, प्रापकको र प्राप्यको, योजनको र योगको पौरुषको र पुरुषार्थको पालैपालोसँग बोध गराउँछ, स्वरूप बुझाउँछ ।

साहित्यलाई समग्र रूपमा बुझ्न खोज्दा यससँग प्रत्यक्ष सम्पर्क रहने तीन वर्ग– स्रष्टा, भोक्ता र द्रष्टा– अघिल्तिर आउँछन् । साहित्यको रचना हुँदा साहित्यकारमा भएका धेरै कुराको सहभावले काम गरेको हुन्छ । बुद्धिको र हृदयको, व्युत्पत्तिको र प्रतिभाको, अनुभवको र अनुव्यवसायको (अनुभवको पनि अनुभवको), चिन्तनको र मननको, संस्कारको र स्मरणको, सङ्कल्पको र अध्यवसायको सहभावबाट, कनै प्रधान र कुनै अप्रधान त हुन्छन् नै– साहित्यको सृष्टि हुन्छ । स्रष्टामा भएका पौरुष तत्वहरूको सहभावबाट बनेको साहित्यले भोक्तामा भएका मानुषतत्वको उद्बोध गराइदिन्छ, सहभाव बनाइदिन्छ । साहित्यमा प्रभाव भनेको यही हो । साधारण पाठकमा स्रष्टाको समान भाव उद्बुद्ध नहुने सम्भावना पनि कहिलेकाहीं हुन्छ; उद्बुद्ध हुने समान भावमा कुनै न कुनै संशोधनको आवश्यकतासमेत पर्न सक्छ; साहित्यस्रष्टाको देशकालसापेक्ष भावमा केही परिष्कारको सल्लाह दिनुपर्ने पनि हुन्छ । द्रष्टाको काम यहीं आउँछ । पहिले शुद्ध भोक्ता बनेर स्रष्टाको समान भावको ग्रहण गर्नु, त्यसपछि संशोधनको र परिष्कारको स्थल पत्ता लाउनु, अनि स्रष्टाको समान भावलाई आवश्यक संशोधन र वाञ्छनीय परिष्कारसमेत गरेर भोक्तामा संप्रेषण गर्नु, दुवैथरी भावको संश्लेषण गराइदिनु द्रष्टाको प्राथमिक कर्तव्य हुन् । एकातिर स्रष्टाको पौरुषतत्वको साहित्य भएको छ; अर्कोतिर भोक्ताको मानव तत्वको साहित्य भएको छ; द्रष्टाको विवेकशील चेतन तत्त्वले यी दुवै साहित्यको साहित्य गराइदिन्छ: संश्लेषण भनेको यही हो । समालोचकको दृष्टि शक्तिबाट भएको संश्लेषणले लेखकको र पाठकको अन्तरतत्त्वको समन्वय हुन्छ । फलतः एक थरीका क्रियाप्रक्रियासँग अर्को थरीका

क्रियाप्रक्रियाको समन्वय हुन थाल्छ; परिणामतः योग हुन्छ, मेल हुन्छ, एकत्व हुन्छ। यो एकत्वले समाजलाई समाज बनाउँछ, राष्ट्रलाई राष्ट्र बनाउँछ।

मानिसको वर्गीय, समाजीय, तथा राष्ट्रिय जीवनमा अतीतको र वर्तमानको, तिनको र भविष्यको साहित्य हुनुपर्छ। साहित्यले अतीतलाई वर्तमानमा सार्छ; भविष्यलाई वर्तमानमा तान्छ। साहित्य अतीतको र वर्तमानको, तिनको र भविष्यको, दूरको र नजिकको साहित्य हो; मानव मानवको साहित्य हो। राष्ट्रियता भनेको भावमय तत्त्व हो। भाव भावको साहित्यसंश्लेषण नभई राष्ट्रियता प्रस्फुटित हुँदैन, समन्वय नभई विकसित हुँदैन; दृढ हुँदैन। भाव समन्वयले हृदयको योग गराइदिन्छ। साहित्य भावयोग हो। साहित्यमा बुद्धियोग नहुने हैन, गौण हुन्छ। भावयोग प्रधान हुन्छ। त्यसैले साहित्यले मर्ममर्मलाई माधुर्य दिन्छ, रसाप्लुत बनाउँछ। भाव नभए बुद्धि खल्लो हुन्छ। भावबाट प्रेरणा पाएर बुद्धिले सृष्टि गर्छ, स्याहार गर्छ। जीव ईश्वरको र जगत्को- सर्जकको र सृष्टिको- बीचमा छ- ईश्वर-जीव-जगत्। जीवको अरूसँगको मुख्य नाता नै भाव हो। जीव अन्य चेतन तथा अचेतन तत्त्वसँग भावमय सूत्रद्वारा सम्बद्ध हुन्छ; आफ्नै भावअनुसारको नाता जीवले बनाउँछ। अतः मानिसको जीवनमा भावको सर्वाधिक महत्त्व छ र भाव योगात्मक साहित्यको त्यसैले विशिष्ट उपयोगिता छ। साहित्य विनाको जगत् पूरै अन्धो हुन्छ–

*इदमन्धं जगत् कृत्स्नं जायेत सचराचरम्*
*यदि शब्दाह्वयं ज्योति रासंसारं न दीप्यते*

अब आजको यो समागमका 'नेत्रशतैक लक्ष्य' 'उत्सर्ग प्रेम'का स्रष्टा श्री राजेश्वर देवकोटाज्यू– उहाँको शुभनाम नेपालमा सर्वत्र प्रख्यात छ। उहाँको व्यक्तित्वमा अनेक खुबी छन्, वैशिष्ट्य छन्। कुन वैशिष्ट्यको प्राधान्य छ त ? यो प्रश्नको उत्तरमा थरीथरी मत आउन सक्छन्। मानिस अरूले ठानेजस्तै वा भनेजस्तै हुन्छ भन्ने केही छैन; हुन पनि सक्छ, नहुन पनि सक्छ। यस्तोमा जैन दर्शनको 'स्याद्वाद'ले विचारकहरूलाई मद्दत गर्ने गर्छ। स्याद्वादका सात भङ्गी छन्– 'स्यादस्ति; स्यान्नास्ति; स्यादस्ति च, स्यान्नास्ति च; स्यादवक्तव्यम्" आदि। (सायद हो, सायद हैन; सम्भवतः हो पनि सम्भवतः होइन पनि; हुन सक्छ अवर्णनीय छ आदि) राजेश्वर स्वयंले आफ्नो बारेमा भन्नुभएको छ– "मेरो धर्म अन्तर्निहित प्रश्न र समस्या उद्धृत गराउनु र तिनको समाधानको लागि जुध्नु शब्दान्तरमा जसलाई राजनीति भनिन्छ।" राजनीति गर्ने, राजनीति जान्ने राजनीति खेल्ने जस्ता वाक्यांशको प्रयोग भएको सुन्ने गर्छु, म अलमलिन्छु। म एककिसिमले राजनीतिसित अपरिचित छु। त्यसैले राजनीतिमा आफ्नो सफलता वा विफलता आँक्ने खुबी उहाँ राजेश्वरज्यूमा नै हुनुपर्छ। यहाँ पनि म जैन दर्शनको 'स्यात्'कै प्रयोग गर्छु। श्री राजेश्वर देवकोटाज्यू सफल साहित्यकार हुनुहुन्छ। यो म निष्पक्ष, त्यसैले, निर्भीक भएर भन्छु। यो मेरो निश्चयमा सभ्यगणले पूर्ण सहमति दिनुहुन्छ भन्नेमा म विश्वस्त

छ । उहाँका पूर्वरचित 'आवर्तन', 'द्वन्द्वको अवसान' जस्ता कृतिले उहाँलाई 'मदन पुरस्कार'ले पुरस्करणार्ह बनाउँदै ल्याएका थिए, 'उत्सर्ग प्रेम' ले खास जस पाएको देखियो यसैका आधारमा उहाँ 'मदन पुरस्कार'द्वारा सम्मानित गरिनुभएबाट ।

'उत्सर्ग प्रेम'का विषयमा खास परिचर्चा, प्रतिचर्चा अब हुँदै आउनेछन् । यसका विषयमा अहिले धेरै कुरा नगरीकन यति मात्र भन्छु– "अन्तर्निहित प्रश्न र समस्या उद्धृत गराउनु र तिनको समाधानका लागि जुध्नु नै उत्सर्ग प्रेमको मूल मर्म हो त्यही मर्मबाट यसका जम्मै नाडी, धमनी, शिरा, पेशी आदि सञ्चालित भएका छन् ।" जुन क्षेत्रमा सफलता हासिल गर्नेको पनि त्यसरी जुध्ने प्रवृत्तिले अन्तस्तलदेखि काम गरिरहेको हुन्छ । त्यसैले त्यस्तो जुध्ने प्रवृत्तिरूपी धर्मलाई राजनीति मात्र भनिँदैन, यति संशोधनचाहिँ म गर्छु ।

रानी साहेब श्री जगदम्बाकुमारीले पतिभक्तिरूपी उत्सर्गमय प्रेम अभिव्यक्त गर्ने एक माध्यमको रूपमा 'मदन पुरस्कार'को स्थापना गरेर समयको सापेक्षतामा अनन्य साधारण विशद कीर्तिस्तम्भ स्थापित गर्नुभएको छ नेपालमा । उहाँको भौतिक पिण्डको पञ्चमहाभूतमा विलय भैसक्यो । मदन पुरस्कार गुठीले सम्माननीया रानीसाहेब श्री जगदम्बाकुमारीप्रतिको उत्सर्गपूर्ण श्रद्धालाई व्यक्त गर्ने एक माध्यमको रूपमा पुरस्कार 'जगदम्बा-श्री'को स्थापना गऱ्यो । सुझबुझले भरिएको सद्भावपूर्ण यो सत्कार्यबाट मदन पुरस्कार गुठीले आफ्नो गुरुतर प्रतिस्ठागाथामा अर्को प्रशस्य अध्याय थपेको छ । धेरैधेरै साधुवादसहित अभिनन्दन गर्छु । यो समारोहमा यति निवेदन गर्ने अवसर पाएकोमा आयोजक संस्थालाई र विशेषत: सामग्रीसमेत यथाशीघ्र दिएर मलाई प्रेरणा र बल दिनुभएकोमा आदरणीय श्री कमलमणि आचार्य दीक्षितज्यूलाई शुभाशीर्वादका साथै भावभरित कृतज्ञता टक्र्याउँछु । गुठीलाई, गुठीका सञ्चालक महोदयहरूलाई धन्यवाद टक्र्याएर पुरस्कार विभूषित सफल साहित्यकार श्री राजेश्वर देवकोटाज्यूलाई पुन: अभिनन्दन गर्दै उहाँलाई अरू सफलता मिल्दै रहोस् भन्ने शुभेच्छा गर्छु । ॐ तत्सत् !

⊠ ⊠ ⊠